आर्थिक अभियान शुक्रवार, ९ पुस २०७८ | Firday, 24 December 2021

## मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड

(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)

काठमाडौं, नेपाल

# आठौं वार्षिक साधारण सभा सम्वन्धी सूचना

श्री आदरणीय शेयरधनी महानुभावज्यूहरु,

यस कम्पनीको सञ्चालक समितिको मिति २०७८ पौष ७ गते बसेको बैठकको निर्णय अनुसार यस मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेडको आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७८ पौष ३० गते, शुक्रवार (14th January 2022, Friday)

समय : विहान ११:०० बजे

स्थान : लैनचौर बैंङ्क्वेट्स, लैनचौर, काठमाण्डौं ।

**छलफलको विषयः**

**(क) सामान्य प्रस्तावहरुः**

१. अध्यक्षज्यूको मन्तव्य तथा आठौं वार्षिक साधारण सभाकोलागि आर्थिक वर्ष २०७७/०७८को सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७७/०७८ को वार्षिक नाफा नोक्सान हिसाब विवरण तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम समानान्तर रुपमा तयार गरिएको वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारीत गर्ने सम्वन्धमा ।

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.ब. २०७८/०७९ को लेखापरीक्षण कार्यकालागि संचालक समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम वर्तमान लेखापरीक्षक संस्था श्री जे.बि.आर.एच. एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स नियुक्त हुन योग्य रहेको ।)

४. सर्वसाधारण शेयरधनी समूहको तर्फबाट दुई जना सञ्चालकहरुको निबार्चन गर्ने सम्वन्धमा ।

**(ख) विविध ।**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. वार्षिक साधारण सभा प्रयोजनकालागि मिति २०७८ पौष २१ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७८ पौष २० गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनेछन्।

२. भर्चुअल माध्यमबाट सभामा भाग लिन चाहने शेयरधनी महानुभावहरुलाई Meeting ID/ Passcode निजहरुको इमेलमा पठाइने छ, भने कुनै शेयरधनी महानुभावलाई Meeting ID/ Passcode प्राप्त नभएमा सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै फोन नं. ०१-४४३२३७२ मा वा यस कम्पनीको आधिकारिक ईमेल आई. डि. mailun@wlink.com.np मा सम्पर्क गरी प्राप्त गर्न सक्नुहुनेछ ।

३. महाव्यापी रोग कोभिड १९ नियन्त्रणका सम्बन्धमा नेपाल सरकारले तोकेको सीमा भन्दा बढी व्यक्ति भेला हुन नपाइने हुनाले भर्चुअल माध्यमबाट उपस्थित शेयरधनीलाई सभास्थलमा उपस्थित भए सरह मान्यता दिई सभा सञ्चालन गरिने छ र यसरी उपस्थित शेयरधनीहरुको हाजिरीका लागी निजहरु Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने र सभा संचालन अवधिभरको भिडियो रेकर्डिङ्ग गरिनेछ ।

४. भर्चुअल माध्यमबाट सभामा सहभागी हुन तथा आफ्नो मन्तव्य राख्न सकिने व्यवस्था मिलाइएको हुँदा कोरोना भाइरस (कोभिड - १९) को संक्रमणबाट बच्न र बचाउन यथासक्य अनलाईन (भर्चुअल) माध्यमबाट उपस्थित भइदिनु हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं ।

५. सभा सुरु हुनु भन्दा एक घण्टा अगाडीबाट भर्चुअल माध्यम खुल्ला गरिनेछ। उक्त एक घण्टाको समय भित्र सभामा सहभागी हुने शेयरधनीहरुले दिइएको Meeting ID / Passcode को माध्यमबाट Login गरी आफ्नो परिचय सहित उपस्थितको जानकारी सभालाई दिनुपर्ने छ ।

६. वार्षिक साधारण सभा स्थलमा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाकोलागि हाजिर पुस्तिका सभास्थलमा सभा हुने दिन विहान १० बजेदेखि सभा संचालन रहेसम्म खुल्ला रहने छ। कोभिड - १९ का कारण सभास्थलमा उपस्थित हुँदा ३ मिटरको सामाजिक दुरी कायम हुने गरी हाजिरी, मतदान तथा सभा स्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाईरस संक्रमणबाट बच्न र बचाउनका लागी आवश्यक पर्ने मास्क, पन्जा लगायतका न्यूनतम सुरक्षाका उपकरणहरु प्रयोग गर्न हुन अनुरोध छ ।

७. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०७८ पौष २८ गते ११ बजे यस संस्थाको रजिष्टर्ड कार्यालय, काठमाडौंमा दर्ता गराइ सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आवश्यक छ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भइ हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।

८. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ। एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी यस संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

९. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको स्वतः बदर हुनेछ ।

१०. प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी बदर गरीपाँउ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको स्वतः बदर हुनेछ पछिल्लो प्रतिनिधि कायम हुनेछ ।

११. नाबालक शेयरधनीको तर्फबाट यस संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

१२. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१३. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्बन्धमा शेयरवाला महानुभावहरुले छलफल गर्न चाहानु भएको विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि यस संस्थाको रजिष्टर्ड कार्यालय मार्फत यस संस्थाका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१४. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालयमा उपलब्ध हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**